# ककनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रानीपौवा, नुवाकोट


प.सं.: ०८१/८०
च.नं.: ४०४

मिति: २०७९।८।२५

**विषय : शिक्षकहरुको स्वेच्छिक अवकासका लागि सूचना प्रकाशन गरिएको सम्बन्धमा।**

**श्री जो जस संग सम्बन्ध राख्दछ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.ब.०७९/०८० को स्वीकृत कार्यक्रम अन्तरगत ५२ वर्ष उमेर पुरा भएका शिक्षकका लागि स्वेच्छिक अवकास कार्यक्रम कार्यान्वयनका लागि यस गाउँकार्यपालिकाको मिति २०७९।८।१५ गतेको गाउँकार्यपालिकाको बैठक बाट **ककनी गाउँपालिका, नुवाकोटको सामुदायिक विद्यालयमा कार्यरत प्राथमिक तहका शिक्षकहरुको स्वेच्छिक अवकास योजना सम्बन्धि कार्यविधि २०७९** स्वीकृत भएको व्यहोरा अनुरोध छ। उक्त कार्यविधिको दफा ६ (क) अनुसार उक्त योजना अनुसार स्वेच्छिक अवकासमा जान चाहने प्राथमिक तहका स्थायी शिक्षकहरुले यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र कार्यविधिको अनुसूची १ को ढाँचामा यस गाउँकार्यपालिकाको कार्यालयमा निम्न अनुसारका कागजात सहित आवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ। साथै उक्त अवकास योजना सम्बन्धि विस्तृत व्यहोरा यस गाउँपालिकाको website: https://kakanimun.gov.np/ मा रहेको सो सम्बन्धि कार्यविधिबाट जानकारी लिन हुन समेत जानकारी गराईन्छ।

गीता कुमारी शर्मा
प्रमूख प्रशासकिय अधिकृत

गीता कुमारी शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**तपशिल :**

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. स्थायी नियुक्ति पत्रको प्रतिलिपि
३. वढुवा नियुक्ति पत्रको प्रतिलिपि
४. अनिवार्य अवकासको मिति खुल्ने कागजात
५. शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि
६. सम्बन्धित निकायबाट राजीनामा स्वीकृत भएको पत्रको प्रतिलिपि

श्री सूचना प्रविधि शाखा (कार्यविधि र सूचना website मा upload गर्न हुन)


इमेल: ito.kakanimun@gmail.com, वेभसाइट: www.kakanimun.gov.np


CamScanner

## ककनी गाउँपालिका, नुवाकोटको सामुदायिक विद्यालयमा कार्यरत प्राथमिक तहका शिक्षकहरुको स्वेच्छिक अवकास योजना सम्बन्धि कार्यविधि २०७९

**प्रस्तावना :** ककनी गाउँपालिका अन्तरगत सञ्चालित विद्यालयहरुको प्राथमिक तहको स्थायी शिक्षक पदमा कार्यरत रही लामो समयदेखि आवद्ध रहेका शिक्षकहरु प्रति उच्च सम्मान गर्दै उहाँहरुले शिक्षण पेशा मार्फत समाजमा पुर्याउनु भएको अनुकरणीय तथा अतुलनिय योगदानको उच्च कदर गर्दै उहाँहरुको निस्वार्थभावलाई जीवन पर्यन्त स्मरणीय बनाउन तथा स्वेच्छिक अवकास योजना कार्यक्रम मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै शिक्षा सेवामा नव प्रतिभाहरुलाई प्रोत्साहन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२, ककनी गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७५ तथा ककनी गाउँपालिकाको शिक्षा ऐन २०७६ को दफा ४७ ले अधिकार प्रयोग गरि ककनी गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ :** (क) यस कार्यविधिको नाम प्राथमिक तहका शिक्षकहरुको स्वेच्छिक अवकास योजना सम्बन्धि कार्यविधि. २०७९ रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(ख) **"कार्यपालिका"** भन्नाले ककनी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) **"अध्यक्ष"** भन्नाले ककनी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(घ) **"प्रमूख प्रशासकिय अधिकृत"** भन्नाले ककनी गाउँपालिकाको प्रमूख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।

(ङ) **"गाउँ शिक्षा समिति"** भन्नाले ककनी गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनु पर्दछ।

(च) **"शिक्षा विकास तथा समन्वय इकाई"** भन्नाले शिक्षा विकास तथा समन्वय इकाई नुवाकोट सम्झनु पर्दछ।

(छ) "शिक्षा ऐन" भन्नाले ककनी गाउँपालिकाको शिक्षा ऐन २०७६ सम्झनु पर्दछ।

**३.कार्यविधिको उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्।

(क) बिस वर्ष भन्दा लामो समय देखि निरन्तर शिक्षण पेशामा आवद्ध भई शिक्षकहरुले शैक्षिक उन्नयनमा पुर्याउनु भएको योगदानको उच्च कदर गर्दै सम्मान गर्ने।

(ख) नवप्रतिभाहरुलाई शिक्षण पेशामा आकर्षित गरी गुणस्तरीय शैक्षिक विकासका लागि टेवा पुर्याउने।

**४. शिक्षकहरुको स्वेच्छिक अवकास योजना अन्तरगतका सुविधा तथा प्रोत्साहन व्यवस्था :** गाउँपालिकाले स्वेच्छिक अवकास योजनामा जान चाहने शिक्षकहरुका लागि निम्न अनुसारको प्रोत्साहन रकम तथा सम्मान प्रदान गर्नेछ।

(क) स्थायी सेवा अवधि २० वर्ष पुरा गरी अनिवार्य अवकास हुन २ वर्ष र सो भन्दा वढी अवधि वाँकी रहेका शिक्षकहरुका लागि प्रति शिक्षक रु १ लाख ५० हजार

(ख) सेवा अवधि २० वर्ष पुरा गरी अनिवार्य अवकास हुन १ वर्ष अवधि वाँकी रहेका शिक्षकहरुका लागि प्रति शिक्षक रु ५० हजार

(ग) गाउँपालिकाले विशेष समारोह आयोजना गरी सम्मान प्रदान।

CamScanner

**५. स्वेच्छिक अवकासमा जान चाहने शिक्षकहरुका लागि न्यूनतम योग्यताहरु :** देहायका शिक्षकहरु स्वेच्छिक अवकास योजनामा सहभागि हुन सक्नेछन् ।

(क) उमेर अवधि ५२ वर्ष पुरा गरी ५९ वर्ष पुरा नगरेका प्रावि तहका स्थायी शिक्षकहरु ।

(ख) नियमानुसारको पेन्सन अवधि पुरा गरेका प्रावि तहका स्थायी शिक्षकहरु ।

(ग) स्वईच्छा भई स्वघोषणा गर्ने प्रावि तहका स्थायी शिक्षकहरु ।

**६. कार्यक्रम कार्यान्वयन प्रकृया :** शिक्षकहरुको स्वेच्छिक अवकास योजना कार्यान्वयनका लागि देहाय अनुसारको प्रकृया अवलम्बन गरिनेछ ।

(क) कार्यविधि स्वीकृत भए पश्चात गाउँकार्यपालिकाको कार्यालयले स्वेच्छिक अवकासमा जान चाहने शिक्षकहरुका लागि न्यूनतम ३५ दिनको अवधि राखी सार्वजनिक सूचना Website मा प्रकाशन गरी अनुसूची १ को ढाँचामा आवेदन माग गर्नेछ । आवेदन साथ निम्न कागजात समेत पेश गर्नु गराउनु पर्नेछ ।

१. नेपाली नागरिकताको प्रतिलिपि

२ स्थायी नियुक्ति पत्रको प्रतिलिपि

३. वढुवा नियुक्तिको प्रतिलिपि

४.अनिवार्य अवकासको मिति खुल्ने कागजात

५. सम्बन्धित निकायबाट राजीनामा स्वीकृत भएको पत्रको प्रतिलिपि

६. शैक्षिक योग्यताका प्रमाणहरुको प्रतिलिपि

(ख) गाउँपालिकाले प्रकाशन गरेको सूचना अवधिमा प्राप्त आवेदनहरु शिक्षा शाखा प्रमूखले गाउँ शिक्षा समितिको बैठकमा पेश गर्नेछ ।

(ग) गाउँ शिक्षा समितिले सोको छानविन गरी कार्यविधि अनुसार प्राप्त हुने रकम एकिन गरी भुक्तानीका लागि गाउँकार्यपालिकाको बैठकलाई सिफारिस गर्नेछ ।

(घ) गाउँकार्यपालिकाको बैठक निर्णय अनुसार कार्यविधि अनुसारको रकम सम्बन्धित शिक्षकलाई एक समारोहका साथ सम्मान कार्यक्रम सहित प्रदान गरिनेछ ।

**७. विविध :** (क) यो कार्यविधिमा उल्लेख नभएका विषयहरु प्रचलित कानुन अनुसार हुनेछ साथै यस कार्यविधि अन्य प्रचलित कानुन सँग बाझिन गएमा बाझिकएको हदसम्म बदर हुनेछ ।

(ख) यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अडचन आएमा गाउँकार्यपालिकाको बैठकले बाधा अडचन फुकाउन सक्नेछ ।

(ग) यो कार्यविधि गाउँकार्यपालिकाको बैठकले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

(घ) यो कार्यविधिमा अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि कार्यविधिले निर्धारण गरेको सेवा, सुविधा र सर्त बमोजिम नै निमावि तथा मावि तहको स्थायी शिक्षक पदमा कार्यरत शिक्षकहरु कार्यविधिको सूचना अनुसार स्वेच्छिक अवकासमा जान चाहेमा आवेदन गरी यो अवकास योजनामा समावेश हुन वाधा पुगेको मानिने छैन् ।